# सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावनाः** बागमती प्रदेशको भूगोलभित्र कष्टपूर्ण जीवनयापन गर्न बाध्य व्यक्तिको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्दै बागमती प्रदेशलाई सडक आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश बनाउन वाञ्छनीय भएकोले,

प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले मन्त्रालय वा मन्त्रालयले तोकको कार्यालय सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले सामाजिक विकास हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(घ) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ।

(ङ) "सडक आश्रित सहयोगापेक्षी मानव" भन्नाले असहाय, अशक्त, वेसहारा, अनाथ, संरक्षकविहीन भई बागमती प्रदेशका विभिन्न सार्वजनिक स्थल तथा सडकपेटी, पाटीपौवा, मठमन्दिर, अस्पताल लगायतका स्थलमा कष्टपूर्ण जीवनयापन गर्न बाध्य व्यक्ति सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ६ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(छ) "संस्था" भन्नाले दफा १५ बमोजिम छनोट भएका संस्था सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले बागमती प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद- २
## उद्देश्य तथा उद्धार प्रक्रिया

३. **कार्यविधिको उद्देश्यः** सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, संरक्षण, पुनर्स्थापना तथा व्यवस्थापन कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) घरपरिवारमा बाँधिएर वा थुनिएर वा अमानवीय रूपमा जीवन जीउन बाध्य व्यक्तिको परिवारलाई सुसूचित गराई संरक्षणको वातावरण सिर्जना गर्नु,

(ख) व्यक्तिले सडक आश्रित जीवनयापन गर्नुपर्ने अवस्थाको अन्त्य गर्नु,

(ग) सडक आश्रित सहयोगापेक्षी पारिवारिक पुनर्मिलन र सामाजिक पुनः एकीकरण गर्नु,

(घ) सडक आश्रित सहयोगापेक्षी मानवको दीर्घकालीन पुनर्स्थापना मार्फत सुरक्षित जीवन सुनिश्चित गर्नु,

(ङ) सडक आश्रित सहयोगापेक्षी मानवको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्दै सडक आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश घोषणा गर्नु।

४. <u>उद्धार तथा व्यवस्थापन प्रक्रियाः</u> (१) सडक आश्रित सहयोगापेक्षी मानवको अवस्था अध्ययन तथा उद्धार गर्दा दफा १६ को उपदफा (१) बमोजिम सम्झौता गरेका संस्थाले देहाय बमोजिमका प्रक्रिया पूरा गर्नु पर्नेछः-

(क) नियमित रूपमा सडक आश्रित सहयोगापेक्षी मानवको अवस्था अध्ययन तथा पहिचान गर्ने,

(ख) प्रहरी र सरोकारवाला निकायसँगको सहकार्यमा आकस्मिक उद्धारका कार्य सञ्चालन गर्ने,

(ग) उद्धार कार्यक्रममा सम्भव भएसम्म स्थानीय जनप्रतिनिधि, प्रहरी र सरोकारवाला निकायलाई समेत सहभागी गराउने,

(घ) उद्धार गर्दा सम्भावित जोखिमलाई मूल्याङ्कन गरी बढी जोखिममा रहेका सहयोगापेक्षीलाई प्राथमिकताको आधारमा उद्धार गर्ने,

(ङ) सहयोगापेक्षीको अन्तिम विकल्पको रुपमा आश्रमको व्यवस्था गरी यथासम्भव पारिवारिक पुनर्मिलन गराउने उद्देश्यले आश्रयको व्यवस्था मिलाउने,

(च) छ महिना भन्दा बढी आश्रममा रहेका तर पारिवारिक पुनर्मिलन सम्भव नभएकाको लागि पारिवारिक पुनर्मिलन सम्भव नहुनुका कारण खुलाई आश्रममा रहने व्यवस्था मिलाई सोको जानकारी मन्त्रालयलाई दिने।

(२) जानकारीको आधारमा गरिने उद्धार प्रक्रियाको सम्बन्धमा सम्बन्धित संस्थाले देहायको प्रक्रिया अवलम्बन गरी उद्धार गर्नु पर्नेछः-

(क) कुनै पनि व्यक्ति, संघसंस्था, सामाजिक सञ्जाल वा पत्रपत्रिकाबाट उद्धार गर्नुपर्ने सहयोगापेक्षी मानवको बारेमा जानकारी प्राप्त भएमा उद्धारका लागि थप सूचनाको संकलन गर्ने,

(ख) सहयोगापेक्षी सडक मानव रहेको स्थानका स्थानीय व्यक्ति वा स्थानीय तहका जनप्रतिनिधि र सुरक्षा निकायका व्यक्ति समेतको उपस्थितिमा निजको उद्धार गर्नुपर्ने स्पष्ट कारण खुलेको मुचुल्का वा उद्धार फाराम भरी उद्धार गर्ने र सोको जानकारी सम्बन्धित स्थानीय तहलाई दिने,

(ग) घरपरिवारले अमानवीय तरिकाबाट बाँधेर वा थुनेर राखेको पाइएमा त्यस्तो व्यक्तिलाई अस्पतालमा लगि उपचार गराउन परिवारलाई सम्झाई बुझाई गर्ने तथा आश्रमबाट हुनसक्ने परामर्श सेवा उपलब्ध गराउने र सो गर्दा समेत अटेर गरेको पाईएमा सम्बन्धित सरोकारवाला निकायलाई लिखित जानकारी गराउने,

(घ) कुनै स्थानीय तहबाट उद्धारको लागि अनुरोध भई आएमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी उद्धार गर्ने,

(ङ) उद्धार गर्दाको अवस्थाको मुचुल्का, स्थानीय तहको सिफारिस तथा अन्य कागजपत्र, सहयोगापेक्षीको उद्धार गर्ने क्रममा खिचिएको तस्बिर सुरक्षित रुपमा व्यक्तिगत फाइल बनाई स्थानीय जनप्रतिनिधि वा सम्बन्धित सरोकारवाला निकायबाट प्रमाणित गराई राख्ने।

५. <u>उद्धारको प्राथमिकताः</u> संस्थाबाट उद्धार गर्दा देहाय बमोजिम सहयोगापेक्षीको उद्धारलाई प्राथमिकतामा राखिनेछः-

(क) मनोरोग वा मनोसामाजिक समस्या भएका, खुला आकाशमुनि रात बिताउन बाध्य महिला,

(ख) खाने र बस्ने व्यवस्था नभएका अशक्त ज्येष्ठ नागरिक,

(ग) मनोरोग वा मनोसामाजिक समस्याको कारण स्वयं आफ्ना लागि केही गर्न नसक्ने अवस्थामा रहेका सडक आश्रित सहयोगापेक्षी मानव,

(घ) बालबालिकाको हकमा बालबालिका खोजतलास समन्वय केन्द्रलाई जानकारी गराउँदा समेत उद्धार हुन नसकेका बालबालिका,

(ङ) समितिले सिफारिस गरेका अन्य प्रकारका सडक आश्रित सहयोगापेक्षी मानव।

## परिच्छेद- ३

## समिति सम्बन्धी व्यवस्था

६. **निर्देशक समितिः** (१) सडक आश्रित सहयोगापेक्षी मानवको संरक्षण तथा व्यवस्थापन सम्बन्धमा नीतिगत समन्वय तथा सहजीकरण गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय -संयोजक

(ख) समितिले मनोनयन गरेको स्थानीय तहको प्रमुख -सदस्य

(ग) सचिव, मन्त्रालय -सदस्य

(घ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ङ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(च) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(छ) प्रहरी नायव महानिरीक्षक, प्रदेश प्रहरी कार्यालय -सदस्य

(ज) प्रतिनिधि, नेपाल नगरपालिका संघ, बागमती प्रदेश -सदस्य

(झ) प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासंघ, बागमती प्रदेश -सदस्य

(ञ) सडक आश्रित सहयोगापेक्षी मानवको संरक्षणको क्षेत्रमा कार्यरत विज्ञहरुमध्येबाट मन्त्रालयले मनोनयन गरेको एक जना महिला सहित दुई जना - सदस्य

(ट) मन्त्रालयले तोकेको सरोकारवाला संस्थाको प्रतिनिधि -सदस्य

(ठ) महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(२) समितिले बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको सचिवालयको काम मन्त्रालयको सामाजिक विकास महाशाखाले गर्नेछ।

७. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सडक आश्रित सहयोगापेक्षी मानवहरूको व्यवस्थापनका निम्ति स्रोत साधन व्यवस्थापन सम्बन्धमा आवश्यक सहजीकरण गर्ने,

(ख) कार्यकारी समितिबाट पेस भएको जीवनोपयोगी सीप सिक्न इच्छुक आश्रित व्यक्तिहरूको लागि कार्ययोजना बमोजिम नीति तर्जुमा तथा कार्यक्रम लागु गर्न मन्त्रालयमा सिफारिस गर्ने,

(ग) कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने,

(घ) संस्थाबाट भएका काम कारबाहीको समय-समयमा अनुगमन गर्ने।

८. कार्यकारी समितिः (१) समितिलाई आवश्यक सहयोग गर्न देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) प्रमुख, सामाजिक विकास महाशाखा, हेटौडा उपमहानगरपालिका- सदस्य

(ङ) प्रतिनिधि, प्रदेश प्रहरी कार्यालय - सदस्य

(च) सडक आश्रित सहयोगापेक्षी मानवको संरक्षणको क्षेत्रमा कार्यरत विज्ञहरुमध्येबाट मन्त्रालयले मनोनयन गरेको एक जना विज्ञ - सदस्य

(छ) मन्त्रालयले तोकेको सम्बन्धित संस्थाको प्रतिनिधि - सदस्य

(ज) प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार सरोकारवाला वा सम्बन्धित स्थानीय तहका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

९. कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सडक आश्रित सहयोगापेक्षी मानवहरूको व्यवस्थापन गर्न आवश्यक प्रक्रियागत सहजीकरण गर्ने,

(ख) स्रोत, साधान व्यवस्थापनका लागि समन्वय गर्ने,

(ग) निर्देशक समितिको निर्णय कार्यान्वयन गर्ने,

(घ) सडक आश्रित सहयोगापेक्षी मानवको उद्धार, संरक्षण र व्यवस्थापनमा स्थानीय तह र सरोकारवाला निकायसँग समन्वय गर्ने,

(ङ) सडक आश्रित सहयोगापेक्षी मानवको अवस्था सम्बन्धमा नियमित अनुगमन गर्ने,

(च) सडक आश्रित सहयोगापेक्षी मानवको व्यवस्थापन सम्बन्धमा भएका कार्यहरु र प्रगति विवरण तयार गरी निर्देशक समिति समक्ष पेस गर्ने,

(छ) संस्थामा आश्रित व्यक्तिहरूले प्राप्त गरेका सेवाहरूको विश्लेषण गरी निर्देशक समिति समक्ष पेस गर्ने,

(ज) जीवनोपयोगी सीप सिक्न इच्छुक आश्रित व्यक्तिहरूको लागि कार्ययोजना तयार गरी समितिमा पेस गर्ने,

(झ) संस्थाले सम्झौता अनुसार काम गरे नगरेको अनुगमन गरी आवश्यक निर्देशन दिने.

(ञ) निर्देशक समितिले तोकेका अन्य कार्यहरु गर्ने।

## परिच्छेद- ४

## सेवाको प्रकार र स्रोत व्यवस्थापन

१०. **सेवाको प्रकारः** (१) उद्धार गरिएका सडक आश्रित सहयोगापेक्षी व्यक्तिहरूको लागि संस्थाले सुरक्षित र संरक्षित वातावरणमा देहाय बमोजिमको सेवा, सुविधा प्रवाह गर्नेछः-

(क) सुरक्षित आवासको व्यवस्था,

(ख) लत्ता कपडा र दैनिक प्रयोगका सामाग्रीको व्यवस्था,

(ग) मनोसामाजिक परामर्श तथा मनोसामाजिक सेवाको व्यवस्था,

(घ) सरकारी अस्पतालमा स्वास्थ्य उपचार,

(ङ) कानूनी सहयोग तथा परामर्श,

(च) शिक्षा, सीप तथा व्यवसायिक तालिम र क्षमता विकास,

(छ) निर्देशक समितिले तोके बमोजिम स्वरोजगारमूलक तालिम,

(ज) पुनर्स्थापना तथा पारिवारिक पुर्नमिलन,

(झ) निर्देशक समितले उपयुक्त ठानेको अन्य सेवाहरू,

(ञ) पालन पोषणका लागि खाद्यान्न, तरकारी, फलफूल,

(ट) मनोरञ्जन, खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन।

(२) उपदफा (१) बमोजिमको सेवा, सुविधा प्रवाह गर्न मन्त्रालयले संस्थासँग सम्झौता गर्नु पर्नेछ।

११. **स्रोत व्यवस्थापनः** (१) उद्धार गरिएका सडक आश्रित सहयोगापेक्षी व्यक्तिहरूलाई दफा १० को उपदफा (१) बमोजिमको सेवा, सुविधा प्रवाह गर्न प्रदेश सरकारले सालबसाली रूपमा विनियोजन गरेको बजेटबाट खर्च गर्नु पर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम विनियोजित बजेटमध्येबाट सडक आश्रित सहयोगापेक्षी व्यक्तिहरूलाई सेवा प्रदान गरिरहेका संस्थाहरूलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय वा स्थानीय तहको सिफारिसका आधारमा प्रति सहभागीका दरले एकमुष्ठ अनुदान उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको अनुदान रकम मन्त्रालयले दफा १० को उपदफा (२) बमोजिम सम्झौताको आधारमा संस्थालाई उपलब्ध गराइनेछ।

(४) संस्थाले थप स्रोत व्यवस्थापनका लागि अन्य सरकारी निकाय, गैरसरकारी संस्था, निजी क्षेत्र वा व्यक्तिबाट सहयोग प्राप्त गर्न सक्नेछ।

(५) सडक आश्रित सहयोगापेक्षी मानवहरूको उद्धार कार्यमा सम्बन्धित स्थानीय तहले बजेट व्यवस्थापनमा प्रदेशसँग साझेदारी गर्न सक्नेछन्।

## परिच्छेद- ५

## विभिन्न निकायको जिम्मेवारी

१२. **मन्त्रालयको भूमिका:** प्रदेशभित्र सडक आश्रित सहयोगापेक्षी मानवमुक्त सडक सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) सडक आश्रित सहयोगापेक्षी मानवको पहिचान, उद्धार, संरक्षण तथा पुनर्स्थापना सम्बन्धी नीतिगत व्यवस्था गर्ने,

(ख) सडक आश्रित सहयोगापेक्षी मानवको आवासीय संरक्षण तथा व्यवस्थापनका लागि प्रदेशभित्रका संस्थाको भौतिक पूर्वाधार निर्माणमा आवश्यक सहयोग गर्ने,

(ग) प्रदेशभित्रका सडक आश्रित सहयोगापेक्षी मानवको उद्धार, संरक्षण र व्यवस्थापन कार्यमा नेपाल सरकार, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, प्रहरी तथा सम्बन्धित संघसंस्थासँग समन्वय गर्ने,

(घ) सडक आश्रित सहयोगापेक्षी मानवमुक्त सडक सम्बन्धी कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने,

(ङ) संस्थाको नियमित अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,

(च) उद्धार गरिएका व्यक्तिहरूको अभिलेख तयार गर्न एकीकृत सूचना प्रणालीको विकास गर्ने,

(छ) उद्धार गरिएका व्यक्तिहरूको अद्यावधिक गरी एकृकीत अभिलेख तयार गर्ने।

१३. <u>स्थानीय तहको भूमिकाः</u> प्रदेशभित्र सडक आश्रित सहयोगापेक्षी मानवमुक्त सडक सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहभित्रका सडक आश्रित सहयोगापेक्षी मानवको पहिचान, उद्धार, संरक्षण तथा पुनर्स्थापनाका लागि आवश्यक नीतिगत तथा बजेट व्यवस्था गर्ने,

(ख) सडक आश्रित सहयोगापेक्षी मानवको उद्धार, संरक्षण र पुनर्स्थापना कार्यमा प्रदेश सरकार, स्थानीय प्रहरी तथा सम्बन्धित संघसंस्थासँग समन्वय गर्ने,

(ग) संस्थाको नियमित अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,

(घ) उद्धार गरिएका नागरिकको परिचयपत्र बनाउन तथा सामाजिक सुरक्षा भत्ताका लागि आवश्यक कार्य गर्ने,

(ङ) उद्धार गरिएका मानवको अद्यावधिक अभिलेख तयार गरी व्यवस्थित राख्ने तथा सोको विवरण प्रदेश सरकार समक्ष पठाउने।

१४. <u>सम्बन्धित संस्थाको भूमिकाः</u> कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित संस्थाको भूमिका देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयसँग भएको सम्झौता बमोजिमको सेवा प्रदान गर्ने,

(ख) संस्थामा रहेका सडक आश्रित सहयोगापेक्षी व्यक्तिहरूको वैयक्तिक विवरण राख्ने र अद्यावधिक गर्ने,

(ग) सडक आश्रित सहयोगापेक्षी मानवको पहिचान, उद्धार, संरक्षण, पुनर्स्थापना लगायत व्यवस्थापनमा भएका कार्यहरूको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन मासिक, चौमासिक र वार्षिक रुपमा सम्बन्धित स्थानीय तह र मन्त्रालयमा पेस गर्ने,

(घ) सडक आश्रित सहयोगापेक्षी मानवको उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तह र सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने।

(ङ) मन्त्रालय, समिति तथा कार्यकारी समितिबाट तोकिएका अन्य कार्य गर्ने।

## परिच्छेद- ६

## <u>संस्था छनोट, सम्झौता र नवीकरण</u>

१५. <u>संस्था छनोट प्रकियाः</u> मन्त्रालयले कम्तिमा सात दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रचलित कानून बमोजिम दर्ता भई सडक आश्रित सहयोगापेक्षी व्यक्तिको उद्धार क्षेत्रमा कार्यरत संस्थाहरूमध्येबाट प्रस्ताव माग गरी अनुसूची-१ बमोजिम उच्च अङ्क प्राप्त गर्ने संस्थालाई छनोट गर्नेछ।

१६. <u>सम्झौताः</u> (१) दफा १५ बमोजिम छनोट गरेको संस्थासँग मन्त्रालयले सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता भएको संस्थाले घोषणा भएको मितिदेखि सडक आश्रित सहयोगापेक्षी मानव व्यवस्थापन र संरक्षण गर्ने कार्य सुरू गर्नेछ।

(३) मन्त्रालयले आवश्यकता अनुसार उपदफा (१) बमोजिमको संस्थासँग सम्झौता नवीकरण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम सम्झौता भएको संस्थाले मन्त्रालयसँग समन्वय र सम्पर्क गर्न सम्पर्क व्यक्ति तोक्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम सम्झौता भएको संस्थाले सडक आश्रित सहयोगापेक्षी मानवको उद्धार, संरक्षण र व्यवस्थापनमा भएको कार्यहरूको प्रतिवेदन नियमित रूपमा मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिम सम्झौता भए पश्चात दफा १७ को उपदफा (१) बमोजिमको आवश्यक प्रक्रिया पूरा गरी बागमती प्रदेशलाई सडक आश्रित सहयोगापेक्षी मानव मुक्त प्रदेश घोषणा गरिनेछ।

१७. <u>घोषणाका आधार सूचकहरूः</u> (१) दफा १६ को उपदफा (६) बमोजिम सड्क आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश घोषणा गर्दा अनुसूची-२ बमोजिमका सूचकहरू पूरा गरी घोषणा गरिनेछ।

(२) उपदफा (१) बमोजिको कार्य सम्पन्न भएपछि अनुसूची-३ बमोजिमका मानवता प्रवर्द्धनका विषयमा जिम्मेवार निकाय र सम्बन्धित सरोकारवालाहरुले प्रतिबद्धता जनाउनु पर्नेछ।

(३) सड्क आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश घोषणा भएपछि सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापनका लागि कार्यालय र सडक आश्रित सहयोगापेक्षी संस्थाबीच हुने सम्झौताको ढाँचा अनुसूची-४ बमोजिम हुनेछ।

परिच्छेद- ७

<u>विविध</u>

१८. **अनुगमनः** (१) यस कार्यविधि बमोजिमको संस्थाको अनुगमन मन्त्रालय, समिति र कार्यकारी समितले गर्न सक्नेछ।

(२) सम्बन्धित स्थानीय तहले संस्थाको आवधिक अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।

१९. **लेखापरीक्षण तथा सामाजिक परीक्षणः** यस कार्यविधि बमोजिम संस्थाले प्राप्त गरेको बजेट रकमको खर्चको लेखा राख्ने, प्रचलित कानून बमोजिम लेखा परीक्षण गर्ने गराउने र सामाजिक परीक्षण गराउने दायित्व सम्बन्धित संस्थाको हुनेछ।

२०. **समन्वय तथा मार्गदर्शनः** यस कार्यविधि बमोजिम रकम प्राप्त गरी सञ्चालनमा रहेका संस्थाको व्यवस्थित र प्रभावकारी सञ्चालनका लागि मन्त्रालयले समय समयमा सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय, सहकार्य तथा मार्गदर्शन गर्न सक्नेछ।

२१. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमसँग सम्बन्धित विभिन्न कार्यहरू गर्दा तथा रकम भुक्तानी एवम् फरफारक तथा लेखा परीक्षण गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून प्रतिकूल नहुने गरी गर्नु पर्नेछ।

अनुसूची-१

(दफा १५ सँग सम्बन्धित)

<u>संस्था छनोटका आधारहरु</u>

| क्र.सं. | छनोटका आधारहरु | अङ्कभार | कूल अङ्कभार | कैफियत |
|---|---|---|---|---|
| १ | सहयोगापेक्षी सडक मानव व्यवस्थापनमा संस्थाको अनुभव | | १० | |
| १.१ | १० वर्ष भन्दा माथि | १० | | |
| १.१ | ५ वर्ष भन्दा माथि १० वर्ष सम्म | ७ | | |
| १.१ | २ वर्ष देखि ५ वर्ष सम्म | ५ | | |
| २ | सहयोगापेक्षी सडक मानव व्यवस्थापनमा स्थानीय तह र जिल्ला घोषणामा सहकार्य वा योगदान | | १० | |
| २.१ | १० भन्दा बढी स्थानीय तह घोषणामा सहकार्य गरेको | १० | | |
| २.२ | ५ भन्दा बढी १० भन्दा कम स्थानीय तह घोषणामा सहकार्य गरेको | ५ | | |
| २.३ | कुनै पनि स्थानीय तह घोषणामा सहकार्य नगरेको | ० | | |
| ३ | पूर्वाधार/व्यवस्थापकीय क्षमता | | १५ | |
| ३.१ | संस्थामा ६०० जना भन्दा बढीलाई व्यवस्थापन गर्ने पूर्वाधार /क्षमता भएको | १५ | | |
| ३.२ | संस्थामा २०० देखि ६०० जना सम्म व्यवस्थापन गर्ने पूर्वाधार /क्षमता भएको | १० | | |
| ३.३ | संस्थामा व्यवस्थापन गर्ने २०० सम्म पूर्वाधार /क्षमता भएको | ८ | | |
| ४ | जनशक्तिको व्यवस्थापन | | १० | |
| ४.१ | संस्थाको आन्तरिक जनशक्ति २० जना भन्दा बढी भएको | १० | | |
| ४.२ | संस्थाको आन्तरिक जनशक्ति १० जनाभन्दा बढी २० जनासम्म भएको | ७ | | |
| ४.३ | संस्थाको आन्तरिक जनशक्ति ५ देखि १० जना सम्म भएको | ५ | | |
| ५ | संस्थाको तर्फबाट साझेदारी/स्रोतको अंश | | ५ | |
| ५.१ | संस्थाको स्रोतको अंश २० प्रतिशत भन्दाबढी भएमा | ५ | | |
| ५.२ | संस्थाको स्रोतको अंश १० प्रतिशत भन्दा बढी २० प्रतिशत सम्म भएमा | ३ | | |
| ५.३ | प्रस्तावित कार्यक्रममा आफ्नै स्रोतको अंश १० प्रतिशत सम्म भएमा | २ | | |
| | जम्मा | | ५० | |

## अनुसूची- २

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

**सडक आश्रित सहयोगापेक्षी मानवमुक्त बागमती प्रदेश घोषणा गर्नका लागि आधार सूचकहरू**

१. प्रदेश सरकारको वार्षिक नीति, योजना तथा कार्यक्रममा सडक आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश घोषणासम्बन्धी विषय समावेश भएको,

२. सडक आश्रित सहयोगापेक्षी व्यक्तिको उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना कार्यमा संलग्न संघसंस्थाहरूको संस्थागत तथा पूर्वाधार सुदृढीकरण कार्यक्रम सञ्चालन भएको,

३. सडक आश्रित सहयोगापेक्षी मानवको समस्या न्यूनीकरणका लागि सार्वजनिक सचेतनामूलक कार्यक्रम सञ्चालन भएको,

४. सार्वजनिक स्थलमा सडक आश्रित सहयोगापेक्षी मानव नभएको हुने र त्यस्ता मानव फेला परेको अवस्थामा तत्काल उद्धार गर्न सक्ने संयन्त्र स्थापना भई काम भइरहेको,

५. सम्बन्धित स्थानीय तहले सडक आश्रित सहयोगापेक्षी मानवमुक्त क्षेत्र कायम गर्ने लिखित प्रतिबद्धता व्यक्त गरेको।

**सडक आश्रित सहयोगापेक्षी मानवमुक्त मान्ने अवस्था**

| सि.नं. | सार्वजनिक स्थल वा सडक छेउमा भेटिने मानवहरूको प्रकृति | उद्धार गरी पुनर्स्थापना गर्ने जिम्मेवारी | सहयोगापेक्षी सडक मानवमुक्त मान्ने अवस्था |
|---|---|---|---|
| १ | खुल्ला आकाशमुनि रात बिताउन विवश घरपरिवार विहीन, परिवार तथा समाजबाटै परित्यक्त, बेसहारा, अनाथ, अपाङ्गता भएका, अशक्त, असाहय, मनोरोगी तथा जीवननै सङ्कटमा रहेका तथा जुनसुकै उमेर समूहका सहाराको आवश्यक भएका मानवहरु | सम्बन्धित स्थानका नागरिक, वडा कार्यालय, सुरक्षा इकाइको सहयोगमा मानव सेवा आश्रम वा अन्य पुनर्स्थापना केन्द्र | फेला परेको सूचना पाएकै दिन (२४ घण्टाभित्र) आश्रम वा पुनर्स्थापना केन्द्रमा गई सुरक्षित आश्रय पाएको हुनेछन्। |
| २ | मजदुरी गरी न्यूनतम पारिश्रमिकबाट जीवनयापन गर्न नसकी अस्तव्यस्त रुपमा सार्वजनिक स्थल र सडकमा भेटिने श्रमिकहरू वा कामदार व्यक्तिहरू | रोजगारदाताले नै सेल्टरको व्यवस्था गर्नुपर्ने। | सम्बन्धित रोजगारदाताले सूचना पाएको २४ घण्टाभित्र सडकबाट उठाई मानवीय र वैकल्पिक व्यवस्था गरिएको हुनेछ। |
| ३ | जाँड रक्सी, लागुपदार्थ सेवन गरी | प्रहरी, प्रशासनले हटाउने तर | फेला परेको २४ |

| सि.नं. | सार्वजनिक स्थल वा सडक छेउमा भेटिने मानवहरूको प्रकृति | उद्दार गरी पुनर्स्थापना गर्ने जिम्मेवारी | सहयोगापेक्षी सडक मानवमुक्त मान्ने अवस्था |
|---|---|---|---|
| | सडक छेउ वा सार्वजनिक संरचनाहरूमा अशोभनीयरुपमा बस्ने, सुत्ने गरेका व्यक्तिहरू | नगर प्रहरी, वडा कार्यालय र अन्य सुरक्षा निकायले पनि परिवारमा वा मानव सेवा आश्रममा पठाउन सहयोग गर्ने | घण्टाभित्र सार्वजनिक स्थलमा बस्न छाडेको हुनेछ। |
| ४ | फिरन्ते मानवहरू वा तीर्थवर्त वा धर्मका लागि आएका व्यक्तिहरू | स्थानीय नागरिक र सुरक्षा निकायले निजलाई धर्मशालामा जान सहयोग, समन्वय गर्ने | सूचना प्राप्त भएको २४ घण्टाभित्र निज व्यक्तिहरू धर्मशालामा पुगेका वा अन्यत्र व्यवस्थापन गरेको हुनेछ। |
| ५ | पेशेवर मगन्तेहरुको रुपमा रहेर वा प्रयोगमा ल्याइएर सार्वजनिक स्थल र सडकमा अस्तव्यस्तरुपमा जीवनयापन गर्ने। | स्थानीय तह, सुरक्षा निकाय वा मानव सेवा आश्रम, नागरिक परामर्श गरी स्थायी ठेगानामा पुनर्स्थापना वा पुनर्मिलनका लागि पठाउने। | फेला परेको २४ घण्टाभित्र व्यवस्थापन भएको हुनेछ। |

## अनुसूची- ३

(दफा १७ को उपदफा (२) सँग सम्बन्धित)

**मानवता प्रवर्द्धनका लागि प्रतिबद्धता जनाउनु पर्ने विषयहरू**

(क) सरकारका तीनवटै तहको नीति तथा कार्यक्रम तर्जुमा गर्दा मानवता तथा मानव सेवाको विषयलाई महत्वका साथ समेट्ने

(ख) युवाहरूमा मानवीयता सम्बन्धी औपचारिक र अनौपचारिक शिक्षाको विषय समेट्ने,

(ग) मानवता र नैतिकताका विषयहरुको जोड दिने,

(घ) परिवारका सदस्यहरूको रेखदेखका लागि उपयुक्त व्यवस्था गर्नुपर्ने,

(ङ) समुदायमा ज्येष्ठ नागरिकहरू विश्रामस्थल बनाउन अन्य रचनात्मक गतिविधिमा सहभागी हुनका लागि आवश्यक व्यवस्था गर्नुपर्ने,

(च) सार्वजनिक स्थलमा वा सडकमा कोही असहाय बा सहयोगापेक्षी व्यक्ति फेला परेमा सम्बन्धित पालिका वा त्यस अन्तगर्गतको वडा कार्यालय वा नजिकको प्रहरी इकाइमा सूचना गर्ने,

(छ) ज्येष्ठ नागरिकहरूलाई उपचारको सहज व्यवस्था र असहाय एवम् वेवारिसे व्यक्तिहरूलाई आश्रयस्थलसम्म पुऱ्याउन सहयोग गर्ने,

(ज) तालिम कार्यक्रम तथा अभिमुखीकरण कार्यक्रममा मानवता प्रवर्द्धनसँग सम्बन्धित विषय समावेश गर्ने,

(झ) सार्वजनिक स्थान, विद्यालय तथा क्याम्पसहरूमा मानवता प्रवर्द्धनसम्बन्धी नाटक एवम् उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने।

अनुसूची- ४

(दफा १७ को उपदफा (३) सँग सम्बन्धित)

## सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापनका लागि कार्यालय र संस्थाबीच भएको सम्झौता-पत्रको ढाँचा

बागमती प्रदेशका विभिन्न सार्वजनिक स्थलमा बाध्यात्मक रुपमा कष्टपूर्ण जिवनयापन गर्न बाध्य भएका र पारिएका व्यक्तिहरुको पहिचान उद्धार संरक्षण तथा व्यवस्थापन गर्दै बागमती प्रदेशलाई सडक आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश बनाउने सन्दर्भमा बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन कार्यविधि, २०८३ को दफा १७ को उपदफा (३) बमोजिम कार्यालय (यस पछि "पहिलो पक्ष" भनिने) र संस्थाबीच (यस पछि दोस्रो पक्ष भनिने) देहायका शर्तहरुमा सहमत भई यी सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक पति लियौं दियौं।

शर्तहरु

१. असहाय, अशक्त, वेसहारा, अनाथ, संरक्षकविहीन भई बागमती प्रदेशका १३ वटै जिल्लाका विभिन्न सार्वजनिक स्थल तथा खुला आकाशमुनि, सडकपेटी, पाटीपौवा, मठमन्दिर, अस्पताल लगायतका स्थलमा बाध्यात्मक रुपमा कष्टपूर्ण जीवनयापन गर्न बाध्य भएका पारिएका सडक आश्रित सहयोगापेक्षी मानवहरूको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्नका लागि दुवै पक्ष सहमत छौं।

२. दोस्रो पक्षले प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन कार्यविधि, २०८३ बमोजिम असहाय, अशक्त, वेसहारा, अनाथ, संरक्षकविहीन भई बागमती प्रदेशका विभिन्न सार्वजनिक स्थलमा कष्टपूर्ण जीवनयापन गर्न बाध्य भएका/पारिएका सडक आश्रित सहयोगापेक्षी मानवहरूको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्नु पर्नेछ।

३. दोस्रो पक्षले प्रदेशभित्रका स्थानीय तहसँगको समन्वयमा मानवता प्रवर्द्धनका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ।

४. यो सम्झौता लागु भए पछि बागमती प्रदेशलाई सडक आश्रित सहयोगापेक्षी मानवमुक्त प्रदेश घोषणा गरिने भएको हुँदा प्रदेशभित्रका कुनै पनि सार्वजनिक स्थानमा सडक आश्रित सहयोगापेक्षी व्यक्तिहरू देखिएमा तत्काल उद्धार गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ साथै नियमित रूपमा सुरक्षा निकाय, स्थानीय प्रशासन र स्थानीय तहसँगको समन्वयमा सडक आश्रित मानवको पहिचान तथा उद्धार गर्नु पर्नेछ।

५. स्थानीय तहसँगको समन्वयमा सडक आश्रित सहयोगापेक्षी मानवहरूको उद्धार, औषधोपचार, पालनपोषण, पारिवारिक पुनर्मिलन गराउने तथा आश्रममा रहँदा मृत्यु भएमा स-सम्मान अन्तिम संस्कार व्यवस्थापन गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

६. परिवार भएर पनि परित्यक्त भई सडकपेटी एवम् सार्वजनिक स्थलमा कष्टकर जीवनयापन गर्न बाध्य व्यक्तिको परिवार भेटिए पश्चात परिवारमा जान दायित्व बोध सहित पारिवारिक पुनर्मिलन, आवश्यक सहयोग एवम् परामर्श सेवा उपलब्ध गराउनु दोस्रो पक्षको दायित्व हुनेछ।

७. दोस्रो पक्षले सम्बन्धित स्थानीय तहको सिफारिस तथा आश्रित सहयोगापेक्षीहरुको प्रमाणित हाजिरी, आश्रित अवधि सहितको मासिक प्रतिवेदन र आवश्यक कागजात पहिलो पक्षले सम्बन्धित कार्यालय समक्ष पेस गर्नु पर्नेछ।

८. पहिलो पक्षले बुँदा नं ७ बमोजिम पेस गरेको प्रतिवेदनका आधारमा मानव सेवा आश्रममा आश्रित रहेका व्यक्तिहरुको पालन-पोषण तथा व्यवस्थापनका लागि कार्यालयमार्फत विनयोजन बजेटबाट त्रैमासिक रुपमा दोस्रो पक्षलाई उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

९. प्रत्येक त्रैमासिक व्यतीत भएको सात दिनभित्र प्रतिवेदन र आवश्यक प्रमाणित कागजात सहित बजेट रकम दोस्रो पक्षले सम्बन्धित कार्यालयमा माग गर्नु पर्नेछ। सो अवधि भन्दा ढिला गरी रकम माग गरेको खण्डमा सोबाट दोसी पक्षलाई कुनै क्षति हुन गएमा पहिलो पक्ष जिम्मेवार हुने छैन। आवश्यक कागजात पेस गर्न नसकेमा पहिलो पक्षले दोस्रो पक्षलाई खर्च निकासा गर्न बाध्य हुने छैन।

१०. पहिलो पक्षको शर्त सम्झौता बमोजिम दोस्रो पक्षले कार्य सम्पन्न गर्नु पर्नेछ, कार्य सम्पन्न गर्ने सिलसिलामा दोस्रो पक्षको कारणबाट कुनै क्षति हुन गएमा दोस्रो पक्ष स्वयम् जवाफदेही हुनेछ।

११. यस सम्झौताको कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४, आर्थिक कार्यविधि ऐन, नियम र अन्य प्रचलित कानूनले निर्देशित गरे बमोजिम हुनु पर्नेछ।

१२. दोस्रो पक्षले सडक आश्रित सहयोगापेक्षी मानवहरूको पहिचान, उद्धार, संरक्षण, पुनर्स्थापन लगायतका व्यवस्थापनमा भएका कार्यहरूको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन त्रैमासिक/वार्षिक रुपमा कार्यालयलाई पेस गर्नु पर्नेछ।

१३ मानव सेवा आश्रममा रहेका विद्यालय जाने उमेरका बालबालिकाको अध्ययन र शिक्षादीक्षाको व्यवस्था दोस्रो पक्षले गर्नु पर्नेछ।

१४. पहिलो पक्षले प्रदेशभित्रका सडक आश्रित सहयोगापेक्षी व्यक्तिहरूको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धमा स्थानीय तह तथा सरोकारवाला निकायहरुसँग समन्वय तथा अन्तरक्रिया कार्यक्रम गर्न सक्नेछ।

१५. मानव सेवा आश्रममा रहेका सहयोगापेक्षी मानवहरूको नियमित स्वास्थ्य परीक्षण तथा औषधोपचारका लागि सरोकारवाला निकायसँग पहिलो पक्षले समन्वय गरी आवश्यक व्यवस्था सिलाउने सक्नेछ।

१६. सडक आश्रित सहयोगापेक्षी मानवको उद्धार संरक्षण, पुनर्स्थापना तथा व्यवस्थापन सम्बन्धमा पहिलो पक्षले दोस्रो पक्षको समय-समयमा अनुगमन, मूल्याङ्कन तथा नियमन गरी आवश्यकता निर्देशन दिन सक्नेछ।

१७. यो सम्झौताको अवधि संझौता भएको मिति देखि २०८५ असार मसान्तसम्म कायम रहनेछ।

२०. दोस्रो पक्षको कार्य सन्तोषजनक भएको नपाइएमा पहिलो पक्षले सोको सूचना दिई जुनसुकै समयमा सम्झौताको अन्त्य गर्न सक्नेछ। साथै सोबाट हुन गएको क्षतिप्रति दोस्रो पक्ष जवाफदेही हुनु पर्नेछ। दोस्रो पक्षले रकम माग गर्दा बजेट विनियोजन भएका कार्यालय मार्फत भुक्तानी लिने व्यवस्था हुनेछ।

२१. सडक आश्रित सहयोगापेक्षी मानवहरूको समय व्यवस्थापनको सन्दर्भमा प्रचलित कानून र यस सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र अन्यथा आपसी समझदारीबाट व्यवस्थापन गरिनेछ।

२२. यस सम्झौता बमोजिम भए गरेका विषयमा सूचना दिन वा लिन दुवै पक्षको समझादारीमा दुवै पक्षबाट सम्पर्क व्यक्ति तोकिनेछ।

**दोस्रो पक्षको तर्फबाट** **पहिलो पक्षको तर्फबाट**